प्रदेश सरकार
प्रदेश न. ५
सामाजिक विकास मन्त्रालय
# शिक्षा तथा सामाजिक विकास निर्देशनालय
(योजना तथा कार्यक्रम शाखा)
बुटवल, नेपाल

प.सं.- २०७६/०७७
च. न. २९०

फोन न ०७१ ४४५५५८/६०
मिति : २०७६। ६। २९

**विषय : आय आर्जनका लागि व्यवसायिक संरचना निर्माणार्थ प्रस्ताव पेश गर्ने सम्बन्धि सुचना ।**

प्रस्तुत विषयमा आ. व. २०७६।०७७ को बार्षिक वजेट तथा कार्यक्रम अनुसार प्रदेश न ५ अन्तर्गत प्राविधिक धार सञ्चालन भएका १० वटा सामुदायिक विद्यालयहरुलाइ ( १० कोटा ), विद्यालयको स्वामित्वमा रहेको जमिन प्रयोग गरि विद्यालयको आयआर्जनका लागि व्यवसायिक संरचना निर्माण गर्न पुजिगत अनुदान उपलब्ध गराउने कार्यक्रम रहेकोले तपसिलमा उल्लेखित कागजातहरु सहित मिति २०७६।०८।१५ गते भित्र यस निर्देशनालयमा प्रस्ताव सहितको निवेदन पेश गर्नुहुन सम्बन्धित सबैलाइ जानकारी गराइन्छ ।

पेशगर्नु कागजात

१ प्राविधिक धार सञ्चालन गर्ने अनुमति पत्र पेश गर्नुपर्नेछ ।

२ व्यवसायिक संरचना निर्माण गर्ने जग्गा विद्यालयको नाममा रहेको हुनुपर्नेछ ।

३ व्यवसायिक संरचनाको माध्यमवाट दीगो आर्थिक उपार्जन गर्ने सुनिश्चितता हुनुपर्नेछ ।

४ संरचना निर्माणको प्राप्त अनुदान रकमको कम्तिमा २० प्रतिशत लागत साझेदारी गर्ने सम्बन्धितस्थानीय तह /विद्यालय व्यवस्थापन समिति को प्रतिवद्धता सहितको निर्णय संलग्न गर्नुपर्नेछ ।

५ गत आ व को सामाजिक परीक्षण तथा लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि पेश गर्नुपर्नेछ ।

६ प्राविधिक धार सञ्चलित विद्यालयमा अध्यापन गर्नको लागि आवश्यक दक्ष जनशक्तिको व्यवस्था भएकोविवरण संलग्न गर्नुपर्नेछ ।

७ विद्यालयले कम्तिमा ३ वर्षे व्यवसायिक संरचनाको निर्माणबाट हुने सेवा विवरण खुल्ने गरी आयआर्जन कार्ययोजना तयार गरि पेश गर्नुपर्नेछ ।

८ निवेदनको ढाँचा निर्देशनालयको वेभासाइट वा यस निर्देशनालयवाट प्राप्त गर्न सकिने छ ।

०७६।०६।२९
उप सचिव